**प्रश्न नं. २८**

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं.३२९४ देखि ३४१५ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

सेराजुल हक मियाँ अन्सारीको जाहेरीले नेपाल सरकार

विरुद्ध

मकवानपुर जिल्ला, थाहा न.पा. वडा नं. ४ बस्ने लोकबहादुर गोले

मुद्दाः ज्यान सम्बन्धी कसूर

१. मिति २०७६।०८।०४ गते जिल्ला मकवानपुर थाहा न.पा. वडा नं. ४ स्थित घट्टेखोला स्थित जंगलमा मानिसको कंकाल अस्थिपञ्जर फेला परेको भन्ने निवर्तमान अध्यक्ष अशोक लामाको जाहेरी ।

२. जिल्ला मकवानपुर थाहा न.पा. वडा नं. ४ पूर्व घट्टेखोला पश्चिम मूल वाटो उत्तर जंगल दक्षिण अधेरी खोला यति ४ किल्ला भित्र रहेको छाला मासु सडी गली सकेको मानिस अस्थिरपञ्जर हाडखोर उत्तानो अवस्थामा रहेको भन्ने र तल कालो पेन्ट, कट्टु, गन्जि, सर्टसमेत फेला परी वरामद भएको भन्ने समेत व्यहोराको घटनास्थल तथा लाश प्रकृति मुचुल्का ।

३. लाश सडी गली पोष्टमार्टम गर्न नमिल्ने भएको भन्ने मुचुल्का ।

४. मिति २०७६।०८।०४ गते जिल्ला मकवानपुर थाहा न.पा. वडा नं. ४ पुरुष मानिसको जस्तो देखिने र लगाएको कपडा समेत भएको हाडखोर भेटिएको भन्ने हुलिया परिपत्र गरिएको सि.नं.२९७ को सञ्चार ।

५. कपडा बेच्न हिँड्ने मेरो दाजु वर्ष ३७ को इजाजुल हक अन्सारी हराएको थाहा पाएको र जिल्ला मकवानपुर थाहा न.पा. वडा नं. ४ घट्टेखोला स्थित मानिसको हड्डी फेला परेको भन्ने थाहा पाएपछि घटनास्थलवाट ल्याएको कपडावाट मेरो दाजु इजाजुल हक मियाँ अन्सारीको हो भनी चिनी कर्तव्यवाट मारेको पूर्ण विश्वास लाग्यो भन्ने समेत व्यहोराको मेराजुल हक मियाँ अन्सारीको जाहेरी दरखास्त ।

६. म इजाजुल हक मियाँ अन्सारीलाई राम्ररी चिन्दछु । मेरो कपडा पसल नौविसेमा भएको हुनाले मेरो पसल मिति २०७६।०७।२० गते कपडा लिई हिडेको हो र नौखण्डे तर्फ गई कपडा वेची १०।१५ दिन मा फर्कन्छु भनेर गएको थियो । पछि नआएको हुँदा नौखण्डेमा आएर वुझ्दा निज २९ गते टिष्टुङमा कपडा वेच्न हिडेको खाना खाएको थाहा पाएको हुँदा पछि घटनास्थलमा भेटिएको कपडा चप्पलवाट निजलाई कर्तव्य गरी मारेको थाहा भयो भन्ने समेत व्यहोराको उमेश प्रसाद गुप्ताको घटना विवरण कागज ।

७. पहिले देखि नै गाउँ घरमा डुली कपडा वेच्ने गरेको इजाजुल हक मियाँ अन्सारीलाई राम्ररी चिन्दछु र मिति ०७६।०७।२२ गते निजले मेरो होटलमा विहानको खाना खाई वेलुका पनि खाना खान आउँछु भनि टिष्टुङ ३ र ५ तर्फ कपडा वेच्न गएका थिए । घटनास्थलमा फेला परेको कपडा

निजैको हो, निजलाई कर्तव्यगरी मारेकोमा विश्वास लाग्छ भन्ने समेत व्यहोराको सेतीमाया गोलेको घटना विवरण कागज ।

८. मृतक इजाजुल हक मियाँ अन्सारी मिति २०७६।०७।२२ गते मेरो घरमा सुती भोलिपल्ट विहान सेतीमायाको होटलमा खाना खाई गएका हुन पछि मिति २०७६।०८।०४ गते घटनास्थलमा भेटिएको मानिसको हड्डी साथै रहेको कपडा निजै इजाजुल हक मियाँ अन्सारीको हो भन्ने समेत व्यहोराको मंगलवहादुर दोङको कागज ।

९. कपडा वेच्न गएका इजाजुल हक मियाँ अन्सारी फर्की नआएको कारण र निज व्यापारी समेत भएकोले कपडा पैसा लिनको लागि अभियुक्तहरुले कर्तव्यगरी मारेको हुन भन्ने घटनास्थल आसपासका मानिसहरुवाट बुझिन आएको भन्ने समेतको प्र.स.नि. ध्रुवप्रसाद शर्मा समेतको प्रतिवेदन ।

१०. इजाजुल हक मियाँ अन्सारीलाई लोकवहादुर गोले र वीरवहादुर गोलेले धन माल लिन खानको लागि कर्तव्यगरी मारेको बुझिन आएको हुँदा कारवाही गरिपाऊँ भन्ने समेत व्यहोराको प्र.स.नि. ध्रुव प्रसाद शर्मा समेतको प्रतिवेदन ।

११. छिमेकी वीरवहादुर गोलेले कपडा वेच्न आउने मधिसेलाई जंगलमा पुगेपछि काटेर कपडा पैसा लुटौं भनेको हुँदा र खुकुरी समेत मलाई दिएकोले वीरवहादुर गोलेले बाँसको लठ्ठी लिई बसेको निज मृतक घट्टेखोला जंगल वाटोमा पुगेपछि पैसा माग्दा नदिएकोले मैले खुकुरी र विरबाहदुरले लठ्ठीले हानी मारेको हुँ र कपडा पैसा लिई गएका थियौं । कपडा वेची सिद्धियो, केही कपडा लोक वहादुर गोलेकोलगेको थियो, पछि पक्राउमा परियो भन्ने समेत व्यहोराको प्रतिवादी लोकवहादुर गोलेको वयान कागज

१२. लोक बहादुर गोलेसँग कपडा वेच्न आउने मधिसेलाई जंगलमा पुगेपछि काटेर कपडा पैसा लुटौं भन्ने सल्लाह भई  खुकुरी लठ्ठी समेत लिई घट्टेखोला जंगल वाटोमा पुगेको अवस्थामा मृतकसँग पैसा माग्दा नदिएकोले लोक बहादुरले खुकुरी र मैले लठ्ठीले हानी मारे र हामी कपडा पैसा लिई गएका थियौं । कपडा वेची सिद्धियो, केही कपडा लोक बहादुर गोलेको विहेमा लगेको थियो, पछि पक्राउमा परियो भन्ने समेत व्यहोराको प्रतिवादी वीर बहादुर गोलेको वयान कागज ।

१३. प्रतिवादी वीरवहादुर गोलेको घर खान तलासी गर्दा दशथान कपडा फेला परी वरामद भए भन्ने मुचुल्का ।

१४. घटनास्थलमा खोजतलास गर्दा खुकुरी फेला परेको भन्ने समेत व्यहोराको वरामदी  मुचुल्का ।

१५. कपडा व्यापारी पछि नाम थाहा भएका इजाजुल हक मियाँ अन्सारीलाई मेरो छोरा वीरवहादुर गोले समेतले कर्तव्य गरी मारेको भन्ने समेत व्यहोराको कान्छा गोलेको कागज ।

१६. वरामद भै आएको खुकुरी र कपडा निज मृतक इजाजुल हक मियाँ अन्सारीको हो, देखाउँदा देख्यौ चिन्यौ भन्ने समेत व्यहोराको प्रतिवादी लोकवहादुर गोले समेतले गरी दिएको सनाखत कागज ।

१७. मेरो पति इजाजुल हक मियाँ अन्सारी कपडा व्यापार गरी धादिङ नौविसे तर्फ वस्नु हुन्थ्यो र कपडा वेच्नु टिष्टुङतर्फ जानु भएको र फर्कि नआए पछि मानिसको हड्डी मात्र फेला परेको कपडावाट पतिको मृत्यु भएको खवर पाएँ। घटनास्थलवाट उठाएको कपडा चप्पल समेत देखाउँदा चिने । मेरो पति इजाजुल हक मियाँ अन्सारीको हो । पैसा कपडा लिनको लागि अभियुक्त लोकवहादुर गोले समेतले कर्तव्य गरी मारेको थाहा पाएँ भन्ने समेत व्यहोराको मृतकको श्रीमती सकिला खातुनको कागज ।

**प्रश्न नं. २८**

१८. प्रतिवादी लोकवहादुर गोलेले मृतकको टाउको र घाँटीमा खुकुरी प्रहार प्रहार गरी तथा विर बहादुरले लट्ठी प्रहार गरी मारी निजसंग भएको नगद र कपडा समेत डाँकागरी मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १७७ (१) र दफा २४४(१) तथा (२) (ग) बमोजिमको कसूर गरेकोले प्रतिवादीहरुलाई मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १७७ (२) र दफा २४४ (३) (ख) बमोजिम सजाय गरी मृतकलाई मारी निजसंग भएको नगद र कपडागरी जम्मा २०,७७५।- मुल्य वरावरको धनमाल समेत डाँका गरेकोले मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा २४७ बमोजिम बिगो मध्ये ८,०००।- बराबरको बिगो बरामद भई सकेको हुंदा मासिएको विगो रु. १२,७७५।- वमोजिम दिलाई भराई पाउन र वरामद भएको कपडा मृतकका हकदारलाई फिर्ता दिई पाउँ भन्ने अभियोग दावी ।

१९. प्रतिवादीहरुको अदालतमा इन्कारी बयान

२०. जाहेरवाला लगायत घटना विवरण कागज गर्ने व्यक्तिहरुको बकपत्र

२१. मकवानपुर जिल्ला अदालतको फैसला

२२. उच्च अदालत पाटन हेटौंडा इजलासमा पेश भएको पुनरावेदनपत्र ।